# अनुसूची-०२

(मिति २०८२।०७।२७ गतेको नगर सभाको दोस्रो बैठकको निर्णय नं. ०२ सँग सम्बन्धित)

## बजेट वक्तव्य, वार्षिक बजेट तथा कार्यक्रम

स्वीकृतिः

गुजरा नगर सभा, रौतहट

श्रद्धेय अध्यक्ष महोदय,

1. अहिले हामी स्थानीय सरकारको हैसियतमा ऐतिहासिक नगर सभाको बाह्रौ अधिवेशनको दोस्रो बैठकमा आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको छलफलमा छौं। सीमित श्रोत साधनबाट जनताका असीमित इच्छा आकांक्षालाई सम्बोधन गर्न निश्चय पनि चुनौतिपूर्ण छ।
2. नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणा, समाजवाद उन्मुख आर्थिक प्रणालीका साथै राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, १६ औं योजना, सङ्घीय र मधेस प्रदेश सरकारको वार्षिक नीति, योजना तथा कार्यक्रम, राजनीतिक दलहरुको चुनावी घोषणापत्र, दिगो विकासको लक्ष्यलाई वजेट तथा कार्यक्रम तयार गर्ने मार्गदर्शनको रुपमा लिएको छु।
3. देशको आर्थिक क्षेत्रमा उत्पन्न कठिन परिस्थिति र विश्वव्यापी रुपमा आएको आर्थिक मन्दीको कारण ओरालो लागेको अर्थतन्त्रसँग जुध्दै गुजरा नगरबासीको जीवनस्तर सहज वनाउन आईपरेका चुनौतीहरुलाई संवोधन गर्दै सुशासन मार्फत समग्र नगरपालिकाको समृद्धिका लागि सहयोग पुग्ने ध्येयका साथ गुजरा नगरपालिका सरकारको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०८२।०८३ को वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु।
4. यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली जनताको स्वतन्त्रता तथा अमनचैन प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, साथै घाइते र वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु। राजनैतिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु।
5. आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मैले गहन जिम्मेवारी बोध गरेको छु। पालिकाको समृद्धिको यात्रालाई टेवा पुर्‍याउने उद्देश्यका साथ यस आर्थिक वर्षको बजेट तथा कार्यक्रम यस सम्मानित सभामा पेश गर्न अनुमति चाहन्छु।

गुजरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ...भवानीपुर, रौतहट मधेश प्रदेश, नेपाल

...लाल प्रसाद चौधरी
नगर प्रमुख

श्रद्धेय अध्यक्ष महोदय,

अव म आ.व. २०८१।०८२ को वार्षिक कार्यक्रमको समीक्षा गर्न अनुमति चाहन्छु।

गत आ.व. २०८१।०८२ को लागि नगर सभाबाट कुल विनियोजित रु. ६५ करोड ६० लाख ८७ हजार ५ सय ७१ रुपैया ६ पैसा मध्ये चालु तर्फ रु. २९ करोड ३५ लाख ६० हजार ७ सय ९२ र पुंजीगत तर्फ रु. १६ करोड ९४ लाख १२ हजार ३ सय ६३ खर्च भएको छ। गत आ.व. २०८१।०८२ मा कुल विनियोजित बजेट मध्ये ७०.०९ प्रतिशत खर्च भएको छ।

गत आ.व.मा भएका उल्लेखनीय कार्यहरु यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु।

- गत आ.व.मा आन्तरिक आय तर्फ रु. ३१ लाख ४९ हजार ८ सय ६२ रुपैया उन्नाइस पैसा राजस्व संकलन भएको छ।
- क्षयरोग बिरामीको खोज पडताल र उपचार (Screening) कार्यक्रमबाट कनकपुरमा २७ जना र सिम्राभवानीपुर स्वास्थ्य चौकीमा ३६ जना लाभग्राहीले सेवा प्रास गरेका छन् ।
- महिलाहरुको पाठेघरको क्यान्सरको जाँच (VIA) को Screening जम्मा ६० जना गरिएको छ जसमध्ये १२ जना Uterus Prolapse ६ जनाको Ring pessary र ६ जना अपरेशनको लागि रेफर गरिएको छ।
- पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ ।
- School Health Program मा किशोर किशोरीहरुलाई जुकाको औषधी तथा Iron Folic acid वितरण कार्यक्रम र विद्यालयमा जनचेतनाको लागि Mensuration सम्वन्धि speech कार्यक्रम गरिएको छ ।
- HPV खोप कार्यक्रम अभियान संचालन गरिएको छ ।
- न्यायिक समितिमा जग्गा सम्बन्धी परेको मुद्दाहरुको सहजीकरण कार्यहरु गरिएको छ।
- सरकारी सार्वजनिक जग्गाहरु छुट्याउने कार्यहरु गरिएको छ ।
- आ.व २०८१/०८२ मा न्यायिक समितिमा ३३ वटा फाईल मुद्दा दर्ता भएकोमा १३ वटा मुद्दा सर्वसम्मतबाट निर्णय गरिएको छ ।

नगर कार्यपालिकाको कार्यालय, सिम्राभवानीपुर, रौतहट, मधेश प्रदेश, नेपाल

नगर प्रमुख

- न्यायिक समितिबाट अनलाइन मुद्दा दर्ता कार्य गरेता पनि अनलाइनबाट कार्यसम्पादन नभएकोले आ.व २०८२/०८३ देखि पूर्ण रुपमा अनलाईन पोर्टलबाट नै हुने गरेको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ यस नगरपालिकाको विभिन्न वडाहरु (४,६,७,८,९) मा जम्मा ३२ जनाले नाला, कुलो, सडक, मठमन्दिर, ब्रहमस्थान सरसफाई तथा मर्मत संभार कार्य पुरा गरेका छन् ।
- सिप विकास तालिम तर्फ सडक मर्मत तथा संभार कार्यक्रममा २५ जना र इलेक्ट्रिसियनमा १५ जना गरी ४० जनाले तालिम लिएका छन् ।
- आ.व २०८२/०८३ को लागि ७४ जना पुरुष र २७४ जना महिला गरी कुल ३४८ जनाले बेरोजगार दर्ता गराएका छन् ।
- आ.व २०८१/०८२ मा गुजरा नगरपालिकाको प्रशासकीय भवनको सम्पूर्ण काम सम्पन्न भएको छ ।
- आ.व ०८१/०८२ मा नगरभरी विकास पूर्वाधार अन्तर्गत P.C.C सडक ढलान कार्य -५११० मिटर, नाला निर्माण कार्य -२०९० मिटर, ग्रेभल कार्य -५२४० मिटर गरिएको छ।
- आ.व ०८१/०८२ मा १२२ वटा योजनाहरु उपभोक्ता समितिमार्फत, ३ वटा कोटेशन मार्फत र ५ वटा इ बिडिङ मार्फत सम्पन्न भएका छन्।
- आ.व २०८१/०८२ मा गुजरा नगरपालिकामा कुल जन्म दर्ता संख्या १४२१, मृत्यु दर्ता ३६५, सम्बन्ध विच्छेद १४, विवाह दर्ता ४८४, बसाई सरी आएको सदस्य संख्या ५८१ ,बसाई सरी जानेको सदस्य संख्या २१२ रहेको छ ।
- आ.व २०८१/०८२ मा गुजरा नगरपालिकामा सामाजिक सुरक्षा तथा बालपोषण र दलित बालपोषण भत्ता वितरण कुल प्रथम, दोश्रो, तेस्रो तथा चौथो त्रैमासिक गरी कुल जम्मा ८४५० लाभग्राहीहरुलाई रकम रु १८०७३९६०६ ( अठार करोड सात लाख उनन्चालिस हजार छ सय छ रुपैया) वितरण गरिएको छ ।
- आ.व २०८१/०८२ मा सामुदायिक विद्यार्थीहरुको अर्धवार्षिक तथा वार्षिक परीक्षा निशुल्क रुपमा नगरपालिकाबाट संचालन गरिएको छ ।
- बालबिकास सहजकर्ता विद्यालय कर्मचारी लेखापाल तथा केवल रामसुरत क्याम्पस कर्मचारीलाई थप तलब भत्ता व्यवस्थापन ६५ जनालाई गरिएको छ।
- साझेदारीमा आधारित चार कोठे भवन निर्माण तिन र मर्मत तथा संभार कार्य तीन विद्यालयमा सम्पन्न गरिएको छ।

गुजरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ...भवानीपुर, रौतहट मधेश प्रदेश, नेपाल

...लाल प्रसाद चौधरी
नगर प्रमुख

- आ.व २०८१/०८२ मा कस्टमाईज तालिम चालिस जना शिक्षकलाई प्रदान गरिएको छ।
- आधारभुत तथा माध्यमिक विद्यालयका IT स्रोत शिक्षकका लागि सूचना प्रविधि तालिम ३५ जनालाई प्रदान गरिएको छ ।
- ४ जना अपांगता भएका व्यक्तिहरुलाई विलचियर वितरण गरिएको छ।
- २५ जना विपन्न महिलाहरुलाई बाखा खरिद गर्न आर्थिक सहायता उपलब्ध गराइएको छ।
- आ.व. २०८१/०८२ मा ११८ जनालाई अपांगता परिचय पत्र र २ जनालाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको छ।
- आ.व २०८१/०८२ मा धान प्रवर्धन कार्यक्रम अन्तर्गत १६०० किसानलाई उन्नत धानको विउ वितरण गरिएको छ ।
- हरियो मल कार्यक्रम अन्तर्गत गुजरा नगरपालिकाको सम्पूर्ण वडामा ७०० कृषकलाई मुङ्गको विउ वितरण गरिएको छ।
- आ.व २०८१/०८२ मा सम्पूर्ण वडा भरी बाखामा पि.पि.आर खोप ७००० डोज र गाई भैसीमा भ्यागुते/चरचरे – ३००० डोज, लम्पी स्किन – २५०० डोज र खोरेत रोग सम्वन्धी – ३००० डोज खोप लगाई महामारी रोकथाम गरिएको छ।
- कृत्रिम गर्भधारण कार्यक्रम अन्तर्गत गुजरा न.पा भरी को किसानहरुको लोकल गाई भैसीलाई नसल सुधार गरी दुध उत्पादन वृद्धि गराइएको छ।

नगर कार्यपालिकाको कार्यालय
गुजरा नगरपालिका
मधेश प्रदेश, नेपाल

राजलाल प्रसाद चौधरी
नगर प्रमुख

श्रद्धेय अध्यक्ष महोदय,

- अब म  आर्थिक वर्ष २०८२/०८३ को वित्तीय व्यवस्थापन तथा वजेट विवरण प्रस्तुत गर्दछुः
- आर्थिक वर्ष २०८२/०८३ मा गुजरा नगरपालिकालाई वित्तीय हस्तान्तरण बापत प्राप्त हुने आयमा नेपाल सरकारबाट वित्तीय समानीकरण तर्फ प्राप्त हुने जम्मा रु. १३ करोड १३ लाख, सशर्त अनुदान तर्फ रु. २३ करोड ४५ लाख, समपुरक अनुदान रु. ८८ लाख,  प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण तर्फ रु. ९० लाख १७ हजार, समपुरक अनुदान तर्फ रु. ३० लाख, विशेष अनुदान ३० लाख, राजश्व बाँडफाँडबाट प्राप्त रकम तर्फ १६ करोड ६५ लाख २४ हजार ९५० र आन्तरिक स्रोत तर्फ रु. १३ करोड २३ लाख ५५ हजार ३७ रुपैया ९० पैसा गरी आम्दानी तर्फ कुल अनुमानित वजेट रु. ६८ करोड ८४ लाख ९६ हजार ९ सय ८७ रुपैया ९० पैसा रहेको छ।
- विनियोजित वजेट मध्ये विषय क्षेत्रगत रुपमा आर्थिक विकास तर्फ रु. ३ करोड ५६ लाख ७५ हजार, सामाजिक विकास तर्फ रु. १२ करोड ३ लाख ५२ हजार २ सय ६९, पूर्वाधार विकास तर्फ रु. ११ करोड २७ लाख २० हजार ३ सय ५९, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रु. ७० लाख ४७ हजार, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु. ३० लाख र कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ रु. १७ करोड ५२ लाख २ हजार ३ सय ५९ गरी जम्मा रु. ४५ करोड ९ लाख ९६ हजार ९ सय ८७ प्रस्ताव गरेको छु।
- स्वास्थ्य, पूर्वाधार विकास, शिक्षा तथा कृषि क्षेत्रलाई आगामी आर्थिक वर्षको वजेटमा विशेष प्राथमिकता दिइएको छ।
- स्वास्थ्य तर्फ नगर अस्पताल सञ्चालन गर्न १ करोड ५० लाख सहित स्वास्थ्य क्षेत्रमा ३ करोड २३ लाख ७० हजार विनियोजन गरिएको छ।
- शिक्षा क्षेत्रतर्फ सामुदायिक विद्यालयहरुको शौचालय मर्मत सम्भार, गा.पा. अनुदान शिक्षक तलब भत्ता, आधारभूत तह शिक्षा (कक्षा ८) परीक्षा सञ्चालन, स्थानीय पाठ्यक्रम निर्माण संरक्षण तथा प्रवर्द्धन, विद्यालय फर्निचर खरिद, सामुदायिक विद्यालय बस खरिद, कक्षा ८ र १० का लागि अतिरिक्त कार्यक्रम सञ्चालन प्रस्ताव गरेको छु। जस अन्तर्गत शिक्षा तर्फ रु. ३ करोड १५ लाख २९ हजार ६ सय ८३ वजेट प्रस्ताव गरेको छु।
- कृषि तथा पशु पालनको व्यावसायिकरण र आधुनिकीकरण गरी कृषि उत्पादन एवं उत्पादकत्व वृद्धि गरि जनताको जीवनस्तरमा सुधार ल्याउन कृषि र पशु क्षेत्रमा

रोग र किराबाट हुने उत्पादन ह्रासलाई न्यूनीकरण, धानबाली प्रवर्द्धन, बाली संरक्षण लगायतका लागि बजेट प्रस्ताव गरेको छु। कृषि तथा पशुपंक्षी विकासका तर्फ उल्लिखित कार्यक्रमहरु लगायतका अन्य कार्यक्रमहरुका लागि कुल रु. १ करोड ५२ लाख ५० हजार बजेट प्रस्ताव गरेको छु।

- खानेपानी तथा सरसफाईको क्षेत्रको लागि रु. १ करोड ५ लाख ६६ हजार १ सय १६ बजेट प्रस्ताव गरेको छु।
- लैङ्गिक सशक्तीकरण तथा सामाजिक समावेशीकरण अन्तर्गत लक्षित महिला बालबालिका सशक्तीकरण तथा सिप विकास कार्यक्रम, लैंगिक हिंसा, बालविवाह तथा सामाजिक कुरीति विरुद्ध सचेतनामूलक कार्यक्रम, ज्येष्ठ नागरिक सम्मान तथा अपांगता भएका व्यक्तिहरुका लागि सहायक सामाग्री लगायतको कार्यक्रमका लागि रु. ३० लाख ५० हजार बजेट प्रस्ताव गरेको छु।
- नगरपालिकाको महत्वपूर्ण सडक योजना, स्थानीय ग्रामीण सडक, भवन निर्माण, पुल निर्माण लगायतका पूर्वाधार निर्माण समेतका आयोजनाहरुको लागि पूर्वाधार क्षेत्रमा रु. ११ करोड २८ लाख २० हजार वजेट प्रस्ताव गरेको छु।
- वातावरण तथा विपद् व्यवस्थापन उद्दार, राहत तथा पुनर्स्थापना कार्यको लागि विपद व्यवस्थापन कोष स्थापना लगायतका लागि ३० लाख प्रस्ताव गरेको छु।
- कर्मचारीहरुको क्षमता विकासका लागि मानव संशाधन विकास तर्फ रु. १६ लाख ५० हजार वजेट प्रस्ताव गरेको छु। साथै कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ रु. १७ करोड ५२ लाख २ हजार ३ सय ५९ बजेट प्रस्ताव गरेको छु।
- आगामी आर्थिक वर्ष २०८२।०८३ को लागि चालु खर्च रु. ४२ करोड ६७ लाख ४१ हजार ४ सय ५९ रुपैया ९० पैसा, पुंजीगत खर्च रु. २६ करोड १७ लाख ५५ हजार ५ सय २८ गरी कुल वजेट रु. ६८ करोड ८४ लाख ९६ हजार ९ सय ८७ रुपैया ९० पैसा रहेको छ।
- आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन हुने मुख्य-मुख्य आयोजना र क्रियाकलापहरु, अनुमानित व्यय र श्रोत व्यवस्थापनको विवरण अनुसूचीमा प्रस्तुत गरेको छु।

श्रद्धेय अध्यक्ष महोदय,

यसै साथ गुजरा नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम छलफल गरी अनुमोदन गर्ने प्रयोजनार्थ सभा समक्ष पेश गर्दछु।

नगर कार्यपालिकाको कार्यालय, सिमराभवानीपुर, रौतहट, मधेश प्रदेश, नेपाल

नगर प्रमुख

श्रद्धेय अध्यक्ष महोदय,

हाम्रा आवश्यकताहरु असीमित छन् तर स्रोत र साधनहरु सीमित छन्। सीमित स्रोत र साधनबाट समग्र गुजरा वासीको चाहना एवं विकासलाई संवोधन गर्न आफैंमा चुनौतीपूर्ण छ। त्यसैले सीमित स्रोत र साधनलाई प्राथमिकतापूर्वक परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र वाध्यता रहेको छ। सम्मानित सभा समक्ष प्रस्तावित बार्षिक कार्यक्रम तथा वजेट कार्यान्वयन पश्चात् नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक अवस्थामा उल्लेख्य सुधार भई नागरिकको जीवनस्तरमा सुधार हुने विश्वास गरिएको छ। नीति तथा कार्यक्रमको कार्यान्वयनमा स्थानीय सरकारलाई अपेक्षित सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै सभाका सम्पूर्ण सदस्यज्यूहरुको सहयोग र सहकार्यको पूर्ण आशा लिएको छु।

वजेट निर्माण कार्यमा प्राविधिक रुपमा अहोरात्र खटिनु हुने प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत कर्मचारी परिवार, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरु, राजस्व परामर्श समितिका सदस्यज्यूहरु, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका संयोजक एवं सदस्यज्यूहरु लगायत सम्पूर्ण सरोकारवालाहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद !!!

रत्ना लामा

उपप्रमुख, गुजरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय सिमराभवानीपुर, रौतहट मधेश प्रदेश, नेपाल

नगर प्रमुख